# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रघुगंगा गाउँपालिका, म्याग्दी , राहुगंगा गाउँपालिका , म्याग्दी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Amrit Subedi | २०७७-१-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Khagaraj Subedi | २०७६-८-२९ | |
| | | **बेरुजु रकम** | ३,६२६,९८८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,५८,२६,८१२.२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९,१७,४३,९५३ | चालु खर्च | २४,८७,७०,७९७.४९ |
| प्रदेश सरकारबाट अनुदान | १,९६,९७,००० | पूँजीगत खर्च | १०,६०,०९,४७९.७४ |
| राजश्व बाँडफाँट | ६,६०,९५,२७९.६८ | वित्तीय/अन्य व्यवस्था | १,४४,९८,४५०.०७ |
| आन्तरिक आय | ४१,१४,२६० | | |
| अन्य आय | १,८१,३७,४९६.९५ | | |
| कुल आय | ३९,९७,८७,९८९.६३ | कुल खर्च | ३६,९२,७८,७२७.३ |
| बाँकी मौज्दात | | ७,६३,३६,०७४.५३ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रघुगंगा गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, 42 सभा सदस्य, 379 वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

स्थानीय संचित कोष - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सांझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सांझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | **५०,६९,५०,३५८.३५** | **३९,९७,८७,९८९.६३** | | **३९,९७,८७,९८९.६३** | **४३,४८,५५,७३४.२९** | | **४३,४८,५५,७३४.२९** |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | **४१,१८,६२,०६०** | **३८,१६,५०,४९२.६८** | **०** | **३८,१६,५०,४९२.६८** | **३१,०३,६७,५८८.६४** | **०** | **३१,०३,६७,५८८.६४** |
| ११००० कर | ११ | ७,७९,७४,४४० | ६,६०,९५,२७९.६८ | ० | ६,६०,९५,२७९.६८ | ४,८०,७५,१३४.६४ | ० | ४,८०,७५,१३४.६४ |
| १३००० अनुदान | | ३३,०३,२२,६२० | ३१,१४,४०,९५३ | ० | ३१,१४,४०,९५३ | २५,४४,५३,००० | ० | २५,४४,५३,००० |
| संघीय सरकार | १२ | ३०,५६,२५,६२० | २९,१७,४३,९५३ | ० | २९,१७,४३,९५३ | २३,९९,४१,००० | ० | २३,९९,४१,००० |
| प्रदेश सरकार | १२ | २,४६,९७,००० | १,९६,९७,००० | ० | १,९६,९७,००० | १,४५,१२,००० | ० | १,४५,१२,००० |
| १४००० अन्य राजस्व | | ३५,६५,००० | ४१,१४,२६० | ० | ४१,१४,२६० | ७८,३९,४५४ | ० | ७८,३९,४५४ |
| ख. अन्य प्राप्ति | | ९,५०,८८,२९८.३५ | १,८१,३७,४९६.९५ | | १,८१,३७,४९६.९५ | १२,४४,८८,१४५.६५ | | १२,४४,८८,१४५.६५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,८६,६७,२९८.३५ | १,७६,७६,६९६.९५ | ० | १,७६,७६,६९६.९५ | ४,१६,०१,४४८ | ० | ४,१६,०१,४४८ |
| धरौटी | | ० | ४,६०,८०० | ० | ४,६०,८०० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७,६४,२१,००० | ० | ० | ० | ८,२८,८६,६९७.६५ | ० | ८,२८,८६,६९७.६५ |
| **भुक्तानी (ग+घ)** | | **५४,७६,९४,८९६.३५** | **३६,९२,७८,७२७.३०** | | **३६,९२,७८,७२७.३०** | **३९,१५,७४,३८७.३८** | | **३९,१५,७४,३८७.३८** |
| **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | **४५,२६,०६,५९८** | **३५,४७,८०,२७७.२३** | | **३५,४७,८०,२७७.२३** | **२७,३६,०७,८१६.१८** | | **२७,३६,०७,८१६.१८** |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८,७६,३७,६२० | १७,०७,२७,७३५.९८ | ० | १७,०७,२७,७३५.९८ | १३,८२,४२,१४३.१० | ० | १३,८२,४२,१४३.१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५,८७,४५,२७५ | ३,५९,६५,६९०.१२ | ० | ३,५९,६५,६९०.१२ | २,४९,८२,३०२.२६ | ० | २,४९,८२,३०२.२६ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | २,६०,३०,००० | २,३८,४८,५६०.३० | ० | २,३८,४८,५६०.३० | ६५,३९,८१५.६० | ० | ६५,३९,८१५.६० | | |
| | | | | २६००० अनुदान | १८ | २९,१०,००० | ५,७३,२१८ | ० | ५,७३,२१८ | ९९,८०० | ० | ९९,८०० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | २,१६,९४,९६५ | १,४८,७०,७२९.०९ | ० | १,४८,७०,७२९.०९ | ४४,५२,४०८ | ० | ४४,५२,४०८ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ३७,५०,००० | २७,८४,८६४ | ० | २७,८४,८६४ | १५,५६,५०० | ० | १५,५६,५०० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,१८,३८,७३८ | १०,६०,०९,४७९.७४ | ० | १०,६०,०९,४७९.७४ | ९,७७,३४,८४७.२२ | ० | ९,७७,३४,८४७.२२ | | |
| | | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | **घ. अन्य भूक्तानी** | | **९,५०,८८,२९८.३५** | **१,४४,९८,४५०.०७** | | **१,४४,९८,४५०.०७** | **३९,१५,७४,३८७.३८** | | **३९,१५,७४,३८७.३८** | | |
| | | | | कोषहरु | | १,८६,६७,२९८.३५ | १,३८,०७,८४९.५७ | ० | १,३८,०७,८४९.५७ | ३,५०,७९,८७३.५५ | ० | ३,५०,७९,८७३.५५ | | |
| | | | | धरौटी | | ० | ५,११,९३७ | ० | ५,११,९३७ | ० | ० | ० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७,६४,२१,००० | ० | ० | ० | ८,२८,८६,६९७.६५ | ० | ८,२८,८६,६९७.६५ | | |
| | | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | १,७८,६६३.५० | | १,७८,६६३.५० | | | | | |
| | | | | **ङ. यो वर्षको बचत (न्युन)** | | (४,०७,४४,५३८) | **३,०५,०९,२६२.३३** | | **३,०५,०९,२६२.३३** | **४,३२,८१,३४६.९१** | | **४,३२,८१,३४६.९१** | | |
| | | | | **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **४,५८,२६,८१२.२०** | | **४,५८,२६,८१२.२०** | **२,९९,९७,२३७** | | **२,९९,९७,२३७** | | |
| | | | | **वर्षान्तको बाकी रकम (ङ + च)** | | (४,०७,४४,५३८) | **७,६३,३६,०७४.५३** | | **७,६३,३६,०७४.५३** | **७,३२,७८,५८३.९१** | | **७,३२,७८,५८३.९१** | | |
| | | | | | | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | ७,५७,४५,३३४.५३ | | ७,५७,४५,३३४.५३ | १०,०५,४७,६४६.९१ | | १०,०५,४७,६४६.९१ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| 1 | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | 81197000 | 74260871 |
| 2 | गरिबसँग विश्वेश्वर कार्यक्रम | 546000 | 517000 |
| 3 | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 8500000 | 0 |
| 4 | स्वच्छ वातावरण कार्यक्रम | 2000000 | 1941773.3 |
| 5 | स्थानीय पूर्वाधार विकास साझेदारी | 6517500 | 6157254 |
| 6 | सामाजिक विकास मन्त्रालय | 2000000 | 1785956 |
| 7 | सामाजिक विकास मन्त्रालय संघ सशर्त | 500000 | 465959 |
| 8 | विविध | 500000 | 500000 |
| 9 | शिक्षा विकास निर्देशनालय | 500000 | 500000 |
| | **जम्मा** | **102260500** | **86128813.3** |

उल्लेखित बाहेक पालिकाले संघीय राजस्व असुली रु.2,67,98,682.56 र प्रदेश राजस्व असुली रु.61,30,624.00 को आर्थिक विवरण पेस भएको छ ।

उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा कायम भएका व्यहोराहरू निम्नानुसार छन्: <br>फिर्ता दाखिला - आर्थिक वर्ष २०७७।७८ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फको रु.2,38,22,104.99 मिति 2077/ 3/ 30 र 4/ 1 मा प्रदेश सशर्त तर्फको रु.9,45,149.59 मिति 2077/ 3/ 31 मा र प्रदेश समपुरकतर्फको रु.1,81,293.41 मिति 20773/ 31 मा गरी जम्मा रु.2,49,48,547.99 नेपाल बैङ्क लि. बेनी शाखामा दाखिला भएको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा गोश्वारा भौचर अद्यावधिक नरहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • प्राप्त वितीय विवरणको अनुसूची-२४ मा बैंक कारोवारमा बर्षान्तको बाँकी रु.1,52,13,324.35 र अनुसूची-२४ अनुसारको नगद तथा बैंक बाँकी रु.8,96,38,296.00 भई बैंक रु.7,44,24,972.18 ले फरक देखिएको वितीय विवरणले देखाउँदछ । अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.8,96,38,296.53 मध्ये रु.7,44,24,972.18 बैंक कारोवारमा भिन्नता भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ । • NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनवबीच समरुपता देखिदैन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन । • पालिकाले पेस गरेको सञ्चितत कोषको बैङ्क नगदी किताब अनुसार मौज्दात रु.22,29,787.17 देखिएकोमा वित्तीय प्रतिवेदनमा वर्षान्तको बाँकी रु.7,98,11,276.53 देखिन्छ । फरक रकम रु.7,75,81,489.36 सम्बन्धमा यकिन हुनुपर्दछ । लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.5 करोड 27 लाख 75 हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४ करोड ५८ लाख २६ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६९ लाख ४९ हजार घटी जिम्मेवारी सरेको सम्बन्धमा मर्मत सम्भार कोष, प्रकोप र विविध खाताको सुत्रमा अल्या नदेखाएको रु.64 लाख विभाज्य कोषमा म्यानुअल फिर्ता पठाएको रु.10 लाख 24 हजार समेतको हिसाबमा रु.4 लाख 76 हजार बढी दायित्व सरेको हिसाब मिलान विवरण लेखापरीक्षणको क्रममा पेस भएको छ । उक्त रकम सुत्रमा हिसाब मिलान भएको देखिँदैन । | |
| ४ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु.7,65,27,649.03 फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | आन्तरिक राजस्व खाता | 5439763 | 3631918.2 | -1807844.8 |
| 2 | बाँडफाँटबाट प्राप्त राजस्व खाता | 0 | 2415701.27 | 2415701.27 |
| 3 | चालु खर्च खाता | 0 | 18814841.05 | 18814841.05 |
| 4 | पुँजीगत खर्च खाता | 0 | 23082608.42 | 23082608.42 |
| 5 | विविध खर्च खाता | 659 | 599038.8 | 598379.8 |
| 6 | धरौटी खाता | 120800 | 896512.44 | 775712.44 |
| 7 | सञ्चित कोष खाता | 2229787.17 | 12900847.07 | 10671059.9 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>8</td><td>विविध कोष</td><td>111019.23</td><td>2180505.22</td><td>2069485.99</td></tr>
<tr><td>9</td><td>विविध कोष</td><td>200000</td><td>0</td><td>-200000</td></tr>
<tr><td>10</td><td>विभाज्य कोष</td><td>399600</td><td>4226395</td><td>3826795</td></tr>
<tr><td>11</td><td>प्रकोप व्यवस्थापन</td><td>6711695.95</td><td>7779281.56</td><td>1067585.61</td></tr>
<tr><td></td><td>जम्मा</td><td>15213324.35</td><td>76527649.03</td><td>61314324.68</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>लेखा स्रेस्ता<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अधावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणलाई पेस गरेको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं २७२, बैंक नगदी किताब शीर्षकगत आर्थिक विवरणहरू भिडान गर्दा आम्दानी, खर्च पेस्कीको अभिलेख अद्यावधिक रुपमा राखेको पाइएन । कतिपय खर्चको गोश्वारा भौचर र बैङ्क नगदी किताबमा समेत अभिलेख नरहेको विभाज्य कोषको रकम प्रदेशलाई म्यानुअल पठाएको लगायतका अभिलेखबाट देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्: • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा आंशिक मात्र गरेको पाइयो । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 17 ऐन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 3 नियमावली, 36 कार्यविधि 3 निर्देशिका समेत 59 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले पालिकातर्फको आन्तरिक लेखापरीक्षकबाट पारित गरी खर्च लेखेको पाइयो । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकामा प्राविधिक २७ र प्रशासनिक २१ समेत ४८ स्वीकृत दरबन्दी रहेकोमा प्राविधिक २१ र प्रशासनिक १८ पूर्ति भई ९ जना रिक्त रहेको पाइयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन । • मर्मत आदेश बेगर मर्मत खर्च गर्ने गरेको । • कर कट्टी रकम बर्षको अन्त्यमा एकमुष्ठ दाखिला गरेको । • कन्टेन्जेन्सी खर्च हिसाबको अभिलेख राखेको पाइएन । • योजना कार्यान्वयनको कार्यतालिका नबनाएको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **सेवा प्रवाह**<br>लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |
| ८ | | | **बजेट पेस, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमला तिलिजाले २०७७।3।10 गते रु.39 करोड 74 लाख 35 हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७७।3।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।3।15 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| सि.नं. | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| 1 | जन्म, मृत्य दर्ता | 1115 |
| 2 | नागरिकता सिफारिस | 792 |
| 3 | अन्य निवेदन सिफारीस | 4663 |
| 4 | घरबाटो सिफारिस | 262 |
| 5 | नाता प्रमाणीत | 498 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.17 लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाउँसभाको २०७।9।16 को निर्णयबाट पुँजीगततर्फ २ योजनामा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १० | | | **कार्यक्रम परिवर्तन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँसभाको मिति 2077।9।10 मा अनुमोदन गरी कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो । | |

| सि.नं. | अवण्डा शीर्षक | रकम | अवण्डा वाट खर्च |
|---|---|---|---|
| 1 | अन्य सार्वजनिक निर्माण | 1700 | संशोधन गरी पुँजीगततर्फ खर्च |

| सि.नं. | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यत्रम | रकम |
|---|---|---|---|---|
| १. | विभिन्न १० कार्यक्रम | 15400 | विभिन्न १५ कार्यक्रम | 15400 |
| २. | नगद मौज्दात | 19121 | विभिन्न १६ कार्यक्रम | 19121 |
| ३. | विभिन्न ८ योजना | 2700 | विभिन्न ९ योजना | 2700 |
| | जम्मा | 37221 | | 37221 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि. नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1 | गाउँपालिका | 91912 | 1913 | 29263 | 60737 | 36271 |
| 2 | संघीय सशर्त | 12542 | 0 | 0 | 12542 | 8311 |
| | कूल खर्च: | 104454 | 1913 | 29263 | 73279 | 44582 |
| | खर्च प्रतिशत | | 1.83 | 28.01 | 70.15 | 42.68 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 36117620 | 15779195 | 4.44 |
| सामाजिक क्षेत्र | 221895013 | 188471421 | 53.12 |
| पूर्वाधार विकास क्षेत्र | 102126000 | 77777552 | 21.92 |
| सुशासन तथा अन्तर सम्बन्धित | 19403965 | 15119969 | 4.26 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 72064000 | 57632139 | 16.24 |
| जम्मा | 451606598 | 354780276 | 100 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खर्च विश्लेषण**<br>पालिकाले यस कवर्ष कुल आन्तरिक आयबाट रु.24,39,763.00 राजस्व बाँडफाँट र अनुदानबाट रु.37,64,77,396.00 र अन्य समेत रु.38,16,50,492.00 आम्दानी भएकोमा चालु तर्फ रु.24,87,70,794.00 र पुँजीगततर्फ रु.10,60,09,479.00 समेत रु.35,47,80,277.00 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.53 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.1,04,43,040.00 खर्च भएको छ जुन आन्तरिक आयको 191.97 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट 66.07 प्रतिशत चालु र 28.15 प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।<br>(क) कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु.54,39,763.00 रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.5,76,32,169.00 रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा 10.59 गुणा बढी रहेको छ । पालिकाले आन्तरिक आम्दानीको थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | 5 | 188000 |
| २ | रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना | 92 | 24764680 |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | 22 | 17107250 |
| ४ | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | 20 | 56781250 |
| ५ | रु.५० लाख भन्दा माथिका | 3 | 37740000 |
| | जम्मा | 142 | 136581180 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.1,43,18,062.00 का 3 योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी अधुरो रहन गएको उपयुक्त देखिएन । यस सम्बन्धमा मिति 2078/6/7 को प्रदेश सरकार मन्त्रीस्तरको निर्णयानुसार 2078 चैत्र मसान्तसम्म म्याद थप भएको देखिन्छ । | |

| आयोजनाको नाम | सम्झौता रकम (भ्याट बाहेक) | सम्झौता मिति | कार्यसम्पन्न हुने संभावित मिति |
|---|---|---|---|
| झिँ पाखापानी सडक कालोपत्रे | 5246336 | 2078/1/22 | 2078 पौष मसान्त |
| बहुउद्देश्यीय सभाहल | 6707526.4 | 2077/7/17 | 2078 पौष मसान्त |
| मौवाफाँट दग्राम, चिमखोला घ्यासीखर्क | 2364200 | 2077/10/29 | 2078 पौष मसान्त |
| जम्मा | 14318062.4 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **प्रगति विवरण नभएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालित 142 योजनाहरू समेत कुल 145 योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालीत योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १७ | | | **सञ्चालन नभएका कार्यक्रमहरू**<br>पालिकाबाट प्राप्त विवरण अनुसार एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको लागि रु.85 लाख बजेट प्राप्त गरेकोमा कार्यक्रम सञ्चालन गरेको देखिएन । पालिकाले प्राप्त कार्यक्रमहरू संचालन गरी बजेट उपयोग क्षमता बढाउनुपर्दछ । | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>

**शून्य प्रगति भएका योजना**

गाउँपालिकाबाट पेस भएको विवरण अनुसार यस वर्ष बजेट व्यवस्था भएका तर सञ्चालनमा आउन नसकेका योजनाहरू निम्नानुसार रहेका छन् । बजेट व्यवस्था भएका योजनाहरू सञ्चालन गरी लक्ष्य प्राप्तिमा अभिवृद्धि गर्नुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>बजेट</th></tr>
<tr><td>1</td><td>ओखरबोट भिरपाटा सडक नाली निर्माण</td><td>150000</td></tr>
<tr><td>2</td><td>शिक्षा प्रवर्द्धन योजना</td><td>496000</td></tr>
<tr><td>3</td><td>वडाअध्यक्ष शिक्षा प्रवर्द्धन योजना</td><td>300000</td></tr>
<tr><td>4</td><td>वडा कार्यालय भवन निर्माण</td><td>500000</td></tr>
<tr><td>5</td><td>झिँ जग्गा खरिद</td><td>3600000</td></tr>
<tr><td>6</td><td>एकीकृत स्वास्थ्य पूर्वाधार विकास</td><td>8500000</td></tr>
<tr><td>7</td><td>बहुउद्देश्यीय उच्च खेल मैदान</td><td>10000000</td></tr>
<tr><td>8</td><td>प्रशासनिक भवन निर्माण</td><td>2000000</td></tr>
<tr><td>9</td><td>पर्यटन उपज साझेदारी</td><td>3000000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>28546000</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कर्मचारी करार**<br>**संगठन तथा कर्मचारी व्यवस्थापन**<br>**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 10 पदमा 31 जना कर्मचारीहरू करारमा राखी रु.59,18,310.00 खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको अ.न.मी. ८ जना, कृषि विकास अधिकृत १, प्रा.स. ४ जना, प्रा.स. १, प.नि.अ. १, प.से.प्रा. १, ना.प्र.स्वा.प्रा. २ र ना.प.से.प्रा.२ समेत विभिन्न 9 पदमा 20 जना करार नियुक्ति गरी बर्षभरीमा रु.28,44,790.00 भुक्तानी गरेको छ ।**<br>**(क) उल्लेखित करार सेवा मध्ये स्वास्थ्य तर्फको सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन सम्बन्धी कार्यविधि बनाइ नियुक्त गरेको छ ।** | |
| २० | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.४ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| २१ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष थप भएको 9 गरी कुल 9 विवाद दर्ता भएकोमा 6 वटा मात्र फर्स्योट भई 3 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २२ | | | **स्वकीय सचिव**<br>• पदाधिकारी सुविधा स्वकीय सचिव – गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा सहायक चौथो स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री प्रकाश छन्त्याललाई नियुक्त गरी मासिक रु.26,610.00 का दरले १३ महिनाको रु.3,45,930.00 भुक्तानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पदाधिकारी सुविधा**<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2076 को अनुसूची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारी सुविधामा वर्षभरीमा रु.1,41,09,556।- खर्च लेखेको छ । | |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| 1 | इन्धन | 1159556 |
| 2 | मोविल खर्च | 48000 |
| 3 | यातायात सुविधा | 168000 |
| 4 | पत्रपत्रिका | 1284000 |
| 5 | टेलिफोन | 1284000 |
| 6 | अतिथि सत्कार | 1284000 |
| 7 | अनुगमन | 5544000 |
| 8 | सहजीकरण | 2664000 |
| 9 | चाडपर्व | 674000 |
| | जम्मा | 14109556 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.15,86,734.00 खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.23,60,627.00 आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २६ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा प्रदेश समपुरकतर्फको रु.25,00,000.00 प्राप्त र रु.48,18,706.59 खर्च भई रु.2,21,293.41 बाँकी रहेकोमा मिति 2077/3/31 मा रु.1,81,293.41 मात्र फिर्ता दाखिला भई रु.40,000.00 बाँकी देखिन्छ । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. (महालेखापरीक्षकको कार्यालय गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको)। | |
| २७ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, अनुदानमा रु.94,81,310.00 खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |

| सि.नं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | अनुदान संख्या | अनुदान रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 1 | कृषि माटो परीक्षण | 100 | 96 गोटा | 12000 | | |
| | | | | 2 | हिउँदे फलफूल विरुवा वितरण कि.वि., ओखर | 50 | 3650 गोटा | 700000 | | |
| | | | | 3 | लहरे प्रजाति तरकारी विउविजन वितरण | 100 | 7 समूह | 100000 | | |
| | | | | 4 | कृषि सामग्री वितरण (टनेल, स्प्रे, सिकिचर) | 50 | 402 पिस | 800000 | | |
| | | | | 5 | कृषि यान्त्रिकीकरण कार्यक्रम | 50 | 55 वटा | 1600000 | | |
| | | | | 6 | पकेट विकास कार्यक्रम (धान, केरा, सुन्तला, आलु) | | 6 समूह र 140 कृषक | 2400000 | | |
| | | | | 7 | औषधि खरिद | | | 700000 | | |
| | | | | 8 | घाँस वितरण (हिउँदे, वर्षे, डाले) | 75 | 130 कृषक | 20000 | | |
| | | | | 9 | लागत साझेदारीमा भेडा संरक्षण | 75 | ५ समूह | 1866667 | | |
| | | | | 10 | नश्ल सुधार कार्यक्रम | | ११ जना | 223643 | | |
| | | | | 11 | नमूना गोठ निर्माण | | १५ वटा | 1000000 | | |
| | | | | 12 | पशुपन्छी खोप कार्यक्रम | | 11800 डोज | 59000 | | |
| | | | | | | | जम्मा | 9481310 | | |
| २८ | | | **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च**<br>पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु.3,12,680.00 भुक्तानी दिएको पाईयो । यस्ता खर्चका केही उदाहरणहरू निम्न रहेका छन्: | |

| सि.नं. | गो.भौ.नं. र मिति | प्रयोजन | रकम |
| --- | --- | --- | --- |
| 1 | 107/2077/12/17 | विविध | 4080 |
| 2 | 104/2077/12/18 | कार्यालय सामग्री | 22500 |
| 3 | 155/2078/1/21 | सूचना प्रकाशन | 10200 |
| 4 | 206/2078/3/20 | ढुवानी भाडा | 8800 |
| 5 | 217/2078/3/22 | ढुवानी भाडा | 2500 |
| 6 | 218/2078/3/22 | गाडी भाडा | 35000 |
| 7 | 236/2078/3/6 | कार्यालय प्रयोजन सामग्री | 21000 |
| 8 | 239/2077/3/26 | मर्मत | 22600 |
| 9 | 260/2078/3/28 | कार्यालय सामग्री | 163000 |
| 10 | 297/2078/3/30 | कार्यालय सामग्री | 23000 |
| | | जम्मा | 312680 |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>सम्पत्ति कर</td><td>200000</td><td>0</td><td>0</td></tr>
<tr><td>घर बहाल कर</td><td>0</td><td>10995</td><td></td></tr>
<tr><td>बहाल विरौटी कर</td><td>120000</td><td>0</td><td>0</td></tr>
<tr><td>अन्य सेवा शुल्क</td><td>25000</td><td>0</td><td>0</td></tr>
</table>

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्ति गरेको देखिन्छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **आय ठेक्का**<br>कालीगण्डकी नदीको ११ वटा बगरको ढुङ्गा गिट्टी बालुवा उत्खनन् निकासी तथा बिक्री वितरण गर्न ठेक्का लगाउनको लागि मिति 2077/5/31 मा सूचना प्रकाशन गरेकोमा ठेक्का नं. १ देखि ५ सम्म ५ वटा बगरको मात्र ठेक्का परेको र ५ वटै बगरको ठेक्का प्रनय कन्स्ट्रक्सन एण्ड सप्लायर्स सामाखुली-3, काठमाडौंले स्वीकार गरेकोमा उक्त ठेक्काहरूबाट निम्नानुसारको रकम असुल गर्नुपर्ने देखिन्छ ।<br>(क) ठेक्का नं. 1/2077/78 को कबोल अङ्क रु.22,000।- असुल भएकोमा उक्त रकमको मूल्य अभिवृद्धि कर रु.2860।- र अग्रिम कर रु.330।- समेत रु.3,190।- असुल गरी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु.<br>(ख) ठेक्का नं. 2/2077/78 को कबोल अङ्क रु.1,31,111।- मध्ये सम्झौता गर्दा कबोल रकमको 50 प्रतिशतले हुने रु.66,000।- असुल भएको र असुल हुन बाँकी रु.65,111।- र मूल्य अभिवृद्धि कर वापत रु.17,044।- तथा अग्रिम आयकर वापत रु.1967।- समेत रु.84१21 असुली गरी राजस्व दाखिला प्रमाण पेस हुनुपर्ने रु.<br>(ग) ठेक्का नं. 3, 4 र ५ घटी कबोल गर्ने प्रनय कन्स्ट्रक्सनले सम्झौता गर्न नआएकोले निजले ठेक्का कबोल गर्दा ३ वटै ठेक्काको राखेको धरौटी रकम रु.13,550।- जफत गरी सञ्चितकोष खातामा दाखिला गर्नुपर्ने रु. | १००,८६१ |
| ३१ | | | **गिट्टी, ढुंगा, बालुवाको कर**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँट हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँट सम्बन्धी ब्यबस्था गरेको छ । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु.53,53,200.00 राजस्व प्राप्त गरेकोमा रु.21,41,280.00 प्रदेश संचितकोष र रु.32,11,920.00 स्थानीय संचितकोषमा जम्मा गरेको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **रकम ढिला दाखिला गर्ने**<br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ । | |
| ३३ | | | .<br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार आम्दानी खर्च पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.24,39,763.00 गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र 8 वटा वडा कार्यालयहरूले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरू र बाँकी रहेका रसिदहरूको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६,१०७,१०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिँदा गाँउपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन । • आन्तरिक आयमा प्रयोग हुने रसिदहरूको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको, • गत आ.व.मा छपाई भएका नगदी रसिदहरू समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको, | |
| ३४ | | | **दाखिला बाँकी**<br>आयकर ऐन, २०५८ को दफा 87, 88 र 89 बमोजिम करकट्टी गरेको रकम ऐनमा तोकिएको समयमा दाखिला गर्नुपर्दछ । गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. 272 अनुसार भुक्तानीमा कट्टी गरेको आम्दानीमा रकम दाखिला गर्न रु.1,78,663.50 बाँकी देखिएको छ। उक्त रकम यकिन गरी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु. (महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **रितपूर्वकको कर बिजक**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले रितपूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.2,05,463।70 समेत रु.17,85,953.70 सामन तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु. | २०५,४६३.७ |
| ३६ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 125 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.9,88,41,180.00 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३७ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू निम्न रहेका छन्: | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| 109 /2077/12/17 | रामकृष्ण कन्स्ट्रक्सन | 300811742 | मिति सच्चाएको | 1785953.7 | 205463.7 |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 2/2078/6/23 | गा.पा. खेलकुद मैदान उ.स. | खेलकुद मैदान | 2132445 | डोजर | 2114445 | |
| | | | 7/2077/8/11 | पिप्ले मोटरबाटो मर्मत उ.स. | मर्मत | 362600 | स्काभेटर | 416001 | |
| | | | 9/2077/8/18 | मौवाफाँट मोटरबाटो उ.स. | मर्मत | 196000 | स्काभेटर | 231990 | |
| | | | 10/2077/8/19 | वडा नं. १ सडक मर्मत उ.स. | मर्मत | 248920 | जे.सि.वि. | 277500 | |
| | | | 18/2077/12/1 | नकलडाँडा सडक मर्मत उ.स. | मर्मत | 588000 | जे.सि.वि. | 630370 | |
| | | | 27/2078/3/24 | जैसीखोर सडक मर्मत उ.स. | मर्मत | 190000 | जे.सि.वि. | 93975 | |
| | | | 30/2078/3/29 | पिप्ले मोटरबाटो मर्मत उ.स. | मर्मत | 196000 | जे.सि.वि. | 219999 | |
| | | | 10-077/8/9 | दग्राम चिमखोला कुई मंगले मो. वा.उ.स. | | 5373780 | जे.सि.वि. | 5374393 | |
| | | | 35/077/9/26 | दग्राम चिमखोला कुई मंगले मो. वा. उ.स. | | 5364034 | जे.सि.वि. | 5373150 | |
| | | | 115/077/12/11 | दग्राम – दर्गिजा मो वा उ.स. | | 2375000 | जे.सि.वि. | 2879240 | |
| | | | 192-078/3/16 | कालमुढा रामखोर सडक उ.स. | | 4229976 | जे.सि.वि. | 3752198 | |
| | | | 270-078/3/29 | वैखरी रितिन चौतारी प्रहरी कार्यालय सडक उ.स. | | 1057165 | जे.सि.वि. | 1070235 | |
| | | | | | जम्मा | 22313920 | | 22433496 | |
| | | | नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | | | | | | |
| ३८ | | | **जटिलसंरचना निर्माण** | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, गाउँपालिका गौरवका योजना, सामग्री खरिद लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| मोटरबाटो तथा ट्रस निर्माण उ.स. | ट्रस निर्माण | 2500000 |
| संकलन केन्द्र निर्माण उ.स. | निर्माण | 1500000 |
| दग्मान बत्ती संरक्षण उ.स. | निर्माण | 1800000 |
| गौरवको योजना गा.पा. उ.स. | मोटरबाटो | 5000000 |
| गलेश्वर पिप्ले सडक निर्माण उ.स. | सडक | 5000000 |
| गाउँपालिका जग्गा व्यवस्थापन उ.स. | गा.पा. जग्गा | 3000000 |
| ठूलाघर आमा समूह घर निर्माण उ.स. | भवन निर्माण | 700000 |
| मालिका आ.वि. १ कोठे भवन निर्माण उ.स. | भवन निर्माण | 800000 |
| बेगखोला खेल मैदान | खेल मैदान | 987500 |
| विभिन्न ५ समूहको सामग्री खरिद | खरिद | 500000 |
| | जम्मा | 21787500 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।<br>(क) गाउँपालिकाले वनस्पति उद्यान पार्क निर्माण समेतमा कतिपय योजनाहरूमा संघीय हस्तान्तरित कार्यक्रमको समेत मर्मत सम्भार वापत कट्टी गरी ल.ई. तयार गरेको र भुक्तानीको बखत मर्मत कट्टी समेतको पुरै काम गराइ कट्टी गरेको रकम समेत भुक्तानी दिएको देखिन्छ । योजनाको सम्झौता योजना किताब र कार्यसम्पन्न प्रतिवेदनमा गाउँपालिकाको योगदान रकम फरक फरक अङ्क उल्लेख गरेको छ । योजनागत अभिलेख खाताहरू एकरुपता हुनुपर्दछ । | |
| ३९ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा कट्टी नगरी भुक्तानी दिएकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| 2/2078/3/23 | गा.पा. खेलकुद मैदान | 2639632 | 2335322 | 10.1 | 32990 |

(महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **उपभोक्ता समितिलाई सीमाभन्दा बढीको कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु.1,06,61,054.00 लागत अनुमान भएको योजना टुक्राएर दुई उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु.1,07,37,814.00 खर्च लेखेको छ । | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | कार्यसम्पन्न रकम |
|---|---|---|---|
| 10-077/8/9 | दग्राम चिमखोला कुई मंगले मो. वा.उ.स. | 5332568 | 5373780 |
| 35-077/9/26 | दग्राम चिमखोला मो. वा. उ.स. | 5328486 | 5364034 |
| | जम्मा | 10661054 | 10737814 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>
उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य<br>
सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने रु लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्क्षय रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी उपभोक्ता समिति मार्फत निम्नानुसार कार्य गराई खर्च गरेको छ ।
<table>
<tr><th>भौ.नं.र मिति</th><th>निर्माण कार्य</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>85-077/12/8</td><td>वडा नं ४ दर्मिजामा वाईफाई जडान कार्य</td><td>527970</td><td>527970</td><td>475000</td></tr>
<tr><td>101-077/12/13</td><td>वडा नं. 3 रघुगंगा गापा केन्द्र जग्गा व्यवस्थापन</td><td>3147453</td><td>3042946</td><td>2676793</td></tr>
<tr><td>114-077/12/19</td><td>खर्गाम स्वाथ्य चौकी मर्मत</td><td>106276</td><td>106276</td><td>95000</td></tr>
<tr><td rowspan="2">167-078/2/11</td><td rowspan="2">वडा नं 3 तिम केन्द्र ता संकलन केन्द्र निर्माण</td><td>1583333</td><td>698711</td><td>628840</td></tr>
<tr><td></td><td>433710</td><td>390339</td></tr>
<tr><td>186-078/3/6</td><td>वडा नं ६ मालिका आवि एककोठे भवन निर्माण</td><td>845050</td><td>845553</td><td>760000</td></tr>
<tr><td>215-078/3/22</td><td>वडा नं.2 स्वाथ्य ईकाइ भवन निर्माण</td><td>527777</td><td>530521</td><td>475000</td></tr>
<tr><td>250-078/3/27</td><td>गौरव आ.वि. कक्षा कोठा निर्माण</td><td>158434</td><td>159013</td><td>142500</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>5643472</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सोझै खरिद</td><td>२,१२०,६९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ./मिति</th><th>सप्लायर्सको नाम</th><th>सामग्री</th><th>रकम</th></tr>
<tr><td>239-2078/3/27</td><td>म्याग्दी ट्रेडर्स</td><td>ल्यापटप तथा प्रिन्टर खरिद</td><td>145000</td></tr>
<tr><td>137/078/1/12</td><td>प्लाष्टिक कुर्ची</td><td>सिटिजन फर्निचर ट्रेड लिंक</td><td>351000</td></tr>
<tr><td>147-078/1/20</td><td>प्लाष्टिक कुर्ची</td><td>सिटिजन फर्निचर ट्रेड लिंक</td><td>490646</td></tr>
<tr><td>152-078/1/20</td><td>प्रिन्टर खरिद</td><td>मेरिडियन आई.टि.प्रा.लि.</td><td>99000</td></tr>
<tr><td>161-078/1/23</td><td>प्लाष्टिक कुर्ची</td><td>सिटिजन फर्निचर ट्रेड लिंक</td><td>186822</td></tr>
<tr><td>165-078/1/30</td><td>ल्यापटप कम्प्यूटर</td><td>मेरिडियन आई.टि.प्रा.लि.</td><td>220000</td></tr>
<tr><td>166-078/2/9</td><td>ल्यापटप खरिद</td><td>विग वाईट आई.टि. प्रा.लि.</td><td>475000</td></tr>
<tr><td>235-078/3/26</td><td>कम्प्यूटर</td><td>ग्लोवल ट्रेडीङ्ग कन्सर्न</td><td>113000</td></tr>
<tr><td>238-078/3/26</td><td>प्रिन्टर खरिद</td><td>ग्लोवल ट्रेडीङ्ग कन्सर्न</td><td>40228</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>2120696</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>डीपीआर खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम रु. | खर्च रकम रु. | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| औद्योगिकग्राम आ.ई.ई. | इगल्स सोलुसन प्रा.लि. | 1151000 | 1150001 | 1599754.5 |
| मैदान थापाटोल देउराली सडक | नेक्स्ट कन्सल्टेन्सी प्रा.लि. | 321033 | 321033 | 400577.99 |
| स्वर्गद्धारी शाखा आश्रम मन्दिर तथा भ्यू टावर | इन्जिक ग्रुप अप कम्पनी प्रा.लि. | 500000 | 496070 | 499747.02 |
| पाखापानी रायखोर घ्यासीखर्क सडक | डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | 450000 | 448895 | 496777.38 |
| गलेश्वर रुइसेडाँडा धौलागिरी आइसफर पदमार्ग | स्टेप १ कन्सल्टेन्सी प्रा.लि. | 1000000 | 837895 | 887423.47 |
| Electrical Reistyitts Tomography | महारुद्र ग्रुप प्रा.लि. | 1186500 | 1186500 | 1199771.85 |
| भगवती बेगखोला बेग देउराली बादुक तिपल्याङ सडक | बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 700000 | 681034 | 924493.05 |
| दश शय्या अस्पताल तथा माटो परीक्षण | साइन टेक्नोक्राइट्स प्रा.लि. | 1000000 | 900000 | 1000000 |
| बगर आ.ई.ई. | अस्त्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 300000 | 297190 | 207090.58 |
| बगर आ.ई.ई. | एडभान्स क्रियटिभ ग्रुप | 200000 | 186375 | 207090.58 |
| बगर आ.ई.ई. | अस्त्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 200000 | 186375 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिवरण | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| प्रशासकीय भवन, सभाहल, अस्पताल सोइल टेष्ट | एडन इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | 1075000 | 1074000 | 1100000 |
| धौलागिरी सेन्चुरी पदमार्ग निर्माण | रिज इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 1000000 | 700035 | 705337.24 |
| बहुउद्देश्यीय उच्च उचाइ खेल मैदान निर्माण | हेबाइल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 1000000 | 949991 | 1006102.85 |
| बहुआयामिक नमुना ग्राम परियोजना | बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | 1500000 | 1351990 | 1399633.82 |
| वडा नं. २ खेलकुद मैदान | भ्याङकटेश इन्जिनियरिङ्ग एशोसियट्स प्रा.लि. | 400000 | 395500 | 447242.12 |
| | जम्मा: | 11983533 | 11162884 | 4658316.03 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका पाखापानी रायखोर सडक, दश शय्या अस्पताल, प्रशासनिक भवन र बहुउद्दश्यीय उच्च खेलमैदान आयोजनाहरू कार्यान्वयन गएका र अन्य कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४४

**परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.1,11,62,884।- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४५ | | | **सवारी साधन खरिद**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 6 थान दुई पांङ्ग्रे सवारी साधन क्याटलग विधिबाट खरिद गरी रु.23,82,000.00 खर्च गरेका छन् । | |
| ४६ | | | **सफ्टयेर खरिद**<br>गाउँपालिकाले यस वर्ष अनलाइन राजस्व संकलन सफ्टवेयर खरिदमा रु.4,96,070.00 खर्च लेखेका छन् । उक्त सफ्टवेयर कार्यान्वयन रहेतापनि विभागीय स्वीकृति प्राप्त गरेको देखिएन । | |
| ४७ | | | **गलेश्वर पिप्ले दग्नाम चिमखोला कुइने मंगले सडक**<br>ठेक्का नं. RRM/MYAGDI/NCB/W02/077-78 को गलेश्वर पिप्ले दग्नाम चिमखोला कुइने मंगले सडक निर्माण कार्यको लागि मूल्य अभिवृद्धि कर र पि.एस. समेत रु.47,52,052।50 को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट मिति 2077/9/5 मा सूचना प्रकाशन गरेकोमा ३ वटा फर्म दर्ता भएको मध्ये सबैभन्दा घटी अङ्क मू.अ. कर समेत रु.26,96,546।- (43.48 प्रतिशत घटी) कबोल गर्ने एस.के. कन्स्ट्रक्सन, बेनी-7, म्याग्दीको बोलपत्र स्वीकृत गरी मिति 2078/3/15 सम्ममा सम्पन्न गर्ने गरी मिति 2077/10/28 मा सम्झौता भएको पाइयो । भौ.नं. 7/2078/1/27 सम्म प्रथम रनिङ्ग बिलल र पेस्की रु.2,19,500।- समेत रु.8,14,927।- भुक्तानी भएको छ । तोकिएको मिति 2078/3/15 सम्ममा कार्यसम्पन्न नभएको र आगामी आर्थिक वर्षको लागि बजेट सुनिश्चित समेत नभएकोले उक्त सडकको निर्माण कार्य अधुरो अवस्थामा रहेको छ । सम्झौता गर्ने तर तोकिएको समय सीमाभित्र निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही समेत गरिनुपर्दछ ।<br>(क) उक्त निर्माण कार्यको ठेक्का सम्झौता गर्दा रु.8,06,176।- बैङ्क जमानत लिनु पर्नेमा नेपाल बैङ्क लिमिटेडको बैङ्क ग्यारेन्टी नं. GPF06383 बाट रु.5,19,000। मात्र लिएकोले घटी जमानत लिएको रकम रु.2,87,176।- को बैङ्क ग्यारेन्टी बढाउनुपर्ने रु.<br>(महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बहुउद्देश्यीय सभाहल निर्माण**<br>प्रदेश समपुरक कोषबाट बहुउद्देश्यीय सभाहल निर्माण गर्न रु.1,10,28,798।72 को ल.ई. तयार गरी मिति 2077/7/3 मा विद्युतीय बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरेकोमा ५ वटा फर्महरू दर्ता भएकोमा २ वटा फर्महरू मात्र पास भएका र सबैभन्दा घटी रकम रु.76,29,504।89 कबोल गर्ने हिमालयन बिल्डर्स सप्लायर्स प्रा.लि. सँग मिति 2078/2/16 सम्ममा निर्माण कार्यसम्पन्न गर्ने गरी मिति 2077/9/12 मा सम्झौता भएको पाइयो । उक्त श्रेस्ताको लेखापरीक्षण गर्दा निम्न व्यहोराहरू देखिएका छन्:<br>(क) हिमालयन बिल्डर्ससँग सम्झौता गर्दा बैङ्क जमानतवापत रु.12,53,962।- लिनु पर्नेमा प्रभु बैङ्कको बैङ्क ग्यारेन्टी नं. P760/9/37878 बाट रु.10,03,300।- बैङ्क जमानत लिएकोले घटी जमानत लिएको रकम रु.2,50,962।- को बैङ्क जमानत थप गर्नुपर्ने रु. (महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )।<br>(ख) 295/2078/3/30 निर्माण कार्यको दोश्रो बिलबाट रु.33,04,018।- भुक्तानी गर्दा निम्नानुसार बढी भुक्तानी भएको रकम रु.49,463।- असुल गरी दाखिला गर्नुपर्ने रु.<br>a. BOQ मा P.S. आइटममा बीमा वापत रु.50,000।- राखेकोमा रु.50,000।- नै भुक्तानी भएको छ । बीमा वापत रु.21,007।- को बिल पेस हुन आएकोले बिलभन्दा बढी भुक्तानी भएको रु. 28993.00<br>b. आइटम नं. 14 को Earthworks in exacavationfor ground by machine को कुल कार्य 226.44 घनमिटरको कार्य भई पहिलो रनिङ्ग बिलको भुक्तानी गर्दा उक्त कार्यको हुने रकम रु.18,115।20 समेत समावेश भइसकेकोमा दोश्रो रनिङ्ग बिलको भुक्तानीमा समेत सोही रकम पुनः भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रु.18,115।20 को मूल्य अभिवृद्धि कर समेत बढी भुक्तानी भएको रु. 20470.00<br>(ग) बहुउद्देश्यीय सभाहलको निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेको छ । निर्माण व्यवसायीले मिति 2078/3/19 को म्याद थपको निवेदन तथा कार्यपालिकाको मिति 2077/5/9 को निर्णय बमोजिम मिति 2078/9/19 गतेसम्म सम्पूर्ण काम सम्पन्न गर्ने गरी म्याद थप भएको छ । गाउँपालिकाबाट बजेट समेत सुनिश्चत गरेकोले बाँकी रहेको सभाहलको निर्माण कार्य म्याद थप भएको अवधिसम्ममा सम्पन्न गर्ने गराउनेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | ४९,४६३ |
| ४९ | | | .<br>635/2078/3/26 गाउँपालिकाले खरिद गरेका विभिन्न साइजका ग्याविन जाली मध्ये 1.5×1×1 को बक्ससाइज जाली 22 वटा 2×1×1 साइजको 27 वटा र 3×1×1 साइजको ११ वटा समेत रु.1,95,834।- मूल्य बराबरका ६० वटा जालीहरू ७ नं. वडालाई वितरण गर्नुपर्नेमा वितरण हुन नसकी गाउँपालिकामा नै मौज्दात रहेको पाइयो । उक्त जालीहरू समयमा नै ७ नं. वडामा वितरण गरी जनतालाई सेवा सुविधा उपलब्धध गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **लक्षित वर्ग छनौट तथा वितरण**<br>(249-078/3/27) गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याइ राख्नुपर्नेछ । लक्षित वर्ग छनौटको लागि योजना आवश्यकता भएका वर्गबाट निवेदन संकलन गरी उक्त योजना आवश्यक छ कि छैन अनुगमन गरेर अति आवश्यक भएका स्थान र व्यक्तीहरु छनौट गरेर कार्य गर्नुपर्दछ । कृषि प्रबद्धन तथा नर्सरी कार्यक्रम वडा नं.2 अन्तर्गत रु.6,00,000.00मा मिनि टिलर-14, चापकटर-2, वर्षे फाली-2, टनेल प्लाष्टिक-6, चेन सि मेशिन-4, थ्रेसर मेशिन-6, खरिद गरी वितरण गरिएको छ । उक्त सामाग्रि वितरण कार्यको लागी निवेदन संकलन तथा छनौट प्रक्रिया अवलम्बन गरेको देखिएन । छनौट प्रक्रिया अवलम्बन गरेर मात्र वितरण गरिनु पर्दछ । | |
| ५१ | | | **चेक भुक्तानी**<br>(284-078/3/30) गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याइ राख्नुपर्नेछ । निर्माण कार्य, सेवा खरिद वा अन्य कार्यको रकम भुक्तानी गर्दा सम्बन्धित विजककर्ता, निर्माण व्यवसायी वा परामर्शदाता, संस्था, समितिको नाममा भुक्तानी चेक उपलव्ध गराउनुपर्दछ । मेशिनरी औजार र फर्निचर खरिद वापत वडा सचिव श्री दल वहादुर थापाको नाममा चेक उपलब्ध गराई रु.5,00,000.00 खर्च लेखेको पाइयो । विजककर्ता, निर्माण व्यवसायी वा परामर्शदाताको नाममा जारी गर्नुपर्नेमा कर्मचारीको नाममा चेक जारी गरिएको छ । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ । | |
| ५२ | | | **अन्य कार्यालयको खर्च**<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याइ राख्नुपर्नेछ । सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, म्याग्दीलाई ट्रष्ट पाईप खरिद र जिल्ला प्रहरी कार्यालय म्याग्दीलाई नागरिक सहायता कक्ष निर्माणको लागी सहयोग स्वरुप रु.3,50,000।- उपलव्ध गराइएको छ । अन्य कार्यालयको लागि सहयोग स्वरुप खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | कार्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| 6-077/7/24 | सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, म्याग्दीलाई | पाईप खरिद | 100000 |
| 280-078/3/29 | जिल्ला प्रहरी कार्यालय, म्याग्दी | नागरिक सहायता कक्ष | 250000 |
| | | जम्मा | 350000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्नुपर्ने**<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ का दफा १७(२) अनुसार आफ्नो र मातहत निकाय अन्तर्गतको कुनै बजेट उप–शीर्षकमा रकम नपुग भएमा सो अन्तर्गत रकम बचत भएको अन्य बजेट उप–शीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालुतर्फका खर्च शीर्षकहरूमा र पुँजीगत बजेटबाट पुँजीगततर्फका खर्च शीर्षकहरूमा तथा चालुबाट पुँजीगत खर्च शीर्षकमा सम्बन्धित सचिवले रकमान्तर गर्न सक्नेछ। एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । स्वीकृत कार्यक्रममा विनियोजन भएको रकम अन्य कार्यमा खर्च गरिएको देखियो । स्वीकृत भएको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गरिएकोले नियमसम्मत नदेखिएको रु. | ४७,३४७ |

| भौ.नं. र मिति | खर्च भएको | स्वीकृत कार्यक्रम | हुनुपर्ने शीर्षक | रकम |
|---|---|---|---|---|
| 252-078/3/29 | स्वास्थ्य कर्मचारीको तलवभत्ता | सौर्य उर्जा प्रविधि जडान | सोलार सामग्री खरिद | 47347 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **जिन्सी दाखिला तथा वितरण**<br>गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ।आमा समुह प्रवद्धन कार्यक्रमबाट विभिन्न आमा समुह संस्थामा वितरणको लागी 2077/7/26 मा 372 थान र 2077/9/6 मा 718 थान गरी जम्मा 1090 थान कुर्ची खरिद गरी जिन्सी खाता पाना नं. 82 मा दाखिला गरेको देखिन्छ । उक्त खरिद गरिएका 1090 कुर्ची मध्ये वडा नं.5,6,7,र 8 मा 120 थान का दरले जम्मा 480 थान वितरण गरिएको छ ।वितरण हुन बाँकी 360 थान देखिएको छ । उक्त बाँकी रहेका कुर्ची रु.730 का दरले जम्मा रु.2,62,800.00 को वितरण प्रमाण पेश गर्नुपर्ने रु.<br><br>(महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट रु १४२३५०। बेरुजु हटाईएको )। | १२०,४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **ग्याविन जालीमा बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ . विभिन्न ग्याविन जालीको (Gabin box, Assembling, filling,समेत) जिल्लादररेट तयार भएको देखिन्छ । उक्त ग्याविन जालीको मुल्य निर्माण कार्यमा प्रयोग भएको सम्बन्धित जालीको मुल्य नै राख्नुपर्नेमा औषत मुल्य राखेर भुक्तानी दिएकोले बढी भुक्तानी भएको छ । यसरी तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको असुल गर्नुपर्ने रु. | ३४,९०९ |

| गो.भौ.नं. र मिति | योजनाको नाम | जालीको प्रकार | परीमाण(घमि) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 102-077/12/13 | झी फुलडाडा मोटरबाटो | 2*1*1 | 62 | 4222.37 | 4014.79 | 207.58 | 12870 |
| 103-077/12/13 | महादेव मावि निमफाँट मोटरबाटो | 2*1*1 | 7 | 4222.37 | 4014.79 | 207.58 | 1453 |
| 119-077/12/26 | खहरेखोला एक्लिखेत नागीडाँडा मोटरबाटो | 2*1*1 | 40 | 4222.37 | 4014.79 | 207.58 | 8303 |
| 192-078/3/16 | कालमुढा रायरवोट सडक | 2*1*1 | 18 | 4222.37 | 4014.79 | 207.58 | 3736 |
| 192-078/3/16 | कालमुढा रायरवोट सडक | 1.5*1*1 | 27 | 4222.37 | 4197.95 | 24.42 | 659 |
| 203-078/3/18 | पात्लो पधेरा तटवन्ध | 2*1*1 | 38 | 4222.37 | 4014.79 | 207.58 | 7888 |
| | | | | | | जम्मा | 34909 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। खरिद सम्झौता भै निर्माण कार्य भएका र निर्माण सम्पन्न भएका योजनाका उपभोक्ता समिति, निर्माण सेवा वा फर्महरु लाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा केही आइटम हरुको दररेट फरक पारी भुक्तानी दिईएको छ। उपभोक्ता समितिले पेश गरेको विजकमा उल्लेख भएको स्पेशिफिकेशन भन्दा फरक स्पेशिकेशन नापी कितावमा उल्लेख गरि भुक्तानी भएको, मू.अ.कर नपाउने अवस्थामा मू.अ.कर जोडेर भुक्तानी भएको तथा वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुने गरी भुक्तानी दिएको जस्ता अवस्थाहरु देखिन आयो। सम्झौताको शर्त, दर विश्लेषणको आधार प्राविधिक मुल्यांकन तथा नापी किताब र विलविजकमा उल्लेखित परिमाण भन्दा बढी हुने गरी भुक्तानी दिएको व्यहोरा यस प्रकार छन्:<br>(क) (186-078/3/6) मालिका आ. वि. एक कोठे भवन निर्माण कार्य अन्तर्गत भित्ताको प्लाष्टर र रगंरोगन कार्यमा ढोका र झ्यालले ओगटेको क्षेत्रफल 5.06 घ.मी (54.5 व.मी) घटाएर मात्र भुक्तानी दिनुपर्नेमा नघटाईकन भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको छ । 5.06 घ.मी. को प्लाष्टर कार्य रु.538.20 का दरले रु.2723.00 र रगंरोगन रु.171.70 का दरले रु.870.00 गरी जम्मा रु.3593.00 असुल गर्नुपर्ने रु. (महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट रु ३५९३। बेरुजु हटाईएको )।<br><br>(ख) (192-078/3/16) कालमुढा रायखोर सडक निर्माण कार्यमा नापी किताव अनुसार B.For the new track (mixed soil) chainage 0+90-0+120.0+160,0+210,0+330,0+360 मा 930 घ. मी.को रु.621.50 का दरले भुक्तानी गरिएको छ । डोजरको प्रयोग गरेर खन्ने कार्यमा नरम माटो रु.75 र कडा माटो रु.80 जिल्ला दररेट रहेको छ ।नरम र कडा माटोलाई अनुपात लिदा रु. 87.575 (मूअकर समेत) दर पर्ने देखिन्छ । माटो खन्ने कार्यमा रु.87.575 को दर हुनुपर्नेमा रु.621.50 का दरले भुक्तानी गर्दा बढी दर रु.533.925 पर्न गएको छ ।यसरी 930 घ.मी को रु.533.925 का दरले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | ४९६,५५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **गाउँपालिका चालु**<br>638/2078/3/27 भवगती स्वास्थ्य चौकीकव मर्मत र स्वास्थ्य सामग्री खरिद वापत रु.2,89,171।- भुक्तानी भएकोमा निम्नानुसारका स्वास्थ्य सामग्री खरिदमा रु.1,36,798।- खर्च भएको छ । खरिद गरेका सामानहरू जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | १३६,७९८ |
| ५८ | | | **बढी जाली खरिद**<br>124/2077/8/10 सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। दबाङ्ग भिर मर्मत गर्दा लागत इष्टिमेट, मेजरमेन्ट बुक र कार्यसम्पन्न प्रतिवेदन अनुसार 2×1×1 साइजको ग्याविन जाली प्रति पिस रु.2776।10 को दरमा २६ पिसको रु.72178।60 हुनुपर्नेमा दबाङ्ग भिर मर्मत सम्भार उपभोक्ता समितिले 2×1×1 को ग्याविन जाली 38 पिसको बिल पेस गरी रु.1,05,491।80 भुक्तानी भएकोले उक्त जाली प्रयोग भएको नदेखिएकोले उक्त जाली प्रयोग भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा उक्त असुल हुनुपर्ने रु. | ३३,३१३.२ |

Table under item ५७:

| सि.नं. | सामानको विवरण | परिमाण | रकम |
|---|---|---|---|
| 1 | Dell Laptop | 1 थान | 73899 |
| 2 | Projector EPSON | 1 थान | 62899 |
| | | जम्मा | 136798 |

Table under item ५८:

| योजनाको नाम | जाली खरिद | प्रयोग भएको | बढी जाली | दर रु. | रकम |
|---|---|---|---|---|---|
| दबाङ भिर मर्मत सम्भार | 38 पिस | 26 पिस | 12 पिस | 2776.1 | 33313.2 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>

**बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, 2064 को नियमा 123 मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिकनाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निम्न योजनामा भुक्तानी दिँदा नरम प्रकारको माटो खन्ने कार्यमा प्रति घन मिटर 0.7 म्यान डेज लाग्ने र सोही बमोजिम क्वान्टिटी क्याल्कुलेसन गरेर प्रति म्यानडेज 517 (प्रधानमन्त्री रोजगार कार्याक्रम सञ्चानल निर्देशिका, 2077 अनुसार) को दरले हुन आउने रकम भुक्तानी दिन पर्नेमा कुल परिमाणमा 517 ले हुन आउने रकम दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

<table>
<tr><th>योजना</th><th>कामको विवरण</th><th>आइटम नं.</th><th>कुल परिमाण</th><th>लाग्ने ज्यामी संख्या</th><th>प्रति म्यानडेज लाग्ने दर</th><th>भुक्तानी हुन पर्ने</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>ठुलागाँउ भईपाइले उत्तसिनी पदमार्ग</td><td>नरम प्रकारको क्ले माटो</td><td>1</td><td>119.34</td><td>83.53</td><td>517</td><td>43189</td><td>61698</td><td>18508</td></tr>
<tr><td rowspan="2">गाडापानी खानेपानी छेपारेबोट थापाखोला</td><td rowspan="2">नरम माटो खन्ने काम</td><td>1</td><td>17.04</td><td>11.92</td><td>517</td><td>6166</td><td>8794</td><td>2627</td></tr>
<tr><td>5</td><td>36.92</td><td>25.84</td><td>517</td><td>13361</td><td>19087</td><td>5725</td></tr>
<tr><td></td><td colspan="7"></td><td>26860</td></tr>
</table>

(महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )।

</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>

**पोशाक खर्च**

203–२०७७/10/4 गण्डकी प्रदेश सभाले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धमा व्यावस्था गर्न बनेको ऐन, २०७७ को दफा ६ र अनुसूची अनुसार बढी नहुने गरी सुविधा पाउने साथै यसै ऐनको दफा 16 मा यस ऐनले व्यवस्था गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने स्पष्ट व्यावस्था छ। यस पालिकाको विभिन्न महिला पदाधिकारीहरुको लागि 18 सेट पोशाक रु.16,725।- को दरमा खरिद गरेको भनी सिजन इम्पेक्सलाई एकमुष्ट भुक्तानी दिएको पाइयो ।यसरी अनुसुची बमोजिम मासिक रुपमा सुविधा लिएपश्चात कुनै प्रकारको सुविधा लिन नपाउने सुविधा लिएको असुल हुनुपर्ने रु. (महालेखापरीक्षकको कार्यालयको गण्डकी प्रदेश निर्देशनालयको मिति २०७९।२।२४ को निर्णयानुसार प्रतिक्रियाबाट बेरुजु हटाईएको )।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले नपुग कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | |

